सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ९ ♦ अंक ३५ ♦ २०८२ साल असोज ७ मंगलवार ♦ 23 Sep 2025 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## मधेश प्रदेश सभाको बैठक आज बस्दै



तोडफोड र आगजनीबाट ध्वस्त बनेको मधेश प्रदेश सभाको भवन मर्मत भएपछि मंगलबार दिउँसो १ बजे प्रदेश सभाको बैठक बस्ने भएको छ। आवश्यक तयारी अन्तिम चरणमा पुगेको प्रदेश सभा सचिवालयले जानकारी दिएको छ ।

युवा पुस्ताको आन्दोलनका क्रममा आन्दोलनकारीले प्रदेश सभा भवनमा आगजनी र तोडफोड गरेका थिए । त्यसपछि बैठक स्थगित भएको थियो। तर, मर्मत सम्भार पूरा भएपछि मंगलबार पुनः बैठक सञ्चालन हुन लागेको हो। प्रदेश सभाका सचिव वाशु कोइरालाका अनुसार सभा हलमा कुर्सी व्यवस्थापनदेखि अन्य भौतिक तयारी बिहानसम्म पूरा गर्ने कार्य भइरहेको छ। उनले भने, ‘अहिले केही साना काम बाँकी छन्, ती सकाएर हल व्यवस्थित बनाइन्छ ।’

प्रदेश सभाको मंगलबारको बैठकलाई राजनीतिक दृष्टिले समेत महत्वपूर्ण मानिएको छ । जनमत पार्टीले सरकारलाई दिएको समर्थन फिर्ता लिएकाले सत्तारूढ समीकरण फेरिएको छ । सभामुख रामचन्द्र मण्डलले जनमत पार्टीले सोमबार बिहान लिखित पत्रमार्फत समर्थन फिर्ता लिएको जानकारी दिएको पुष्टि गर्दै त्यसअनुसार सभामा सिट व्यवस्थापन मिलाइने बताए ।

जनमत पार्टीको समर्थन फिर्ता भएपछि मधेश सरकार संकटमा परेको छ। मुख्यमन्त्री सतिश कुमार सिंहले राजीनामा नदिने बरु प्रदेश सभाबाट विश्वासको मत लिने अडान लिएका छन्। यही कारण पार्टीले उनलाई स्पष्टिकरण सोध्दै कारबाही प्रक्रियासमेत अघि बढाएको छ ।

एकातिर आगजनीपछि पहिलोपटक प्रदेश सभा हल पुनः सञ्चालन हुँदैछ भने अर्कोतर्फ समर्थन फिर्ता लिएपछि सरकार बहुमतमा रहने-नरहने विषयमा चासो बढेको छ ।-खबर दर्पण

## नेपाल रेल्वेले कम्पनी कार्गो सेवा सञ्चालन गर्ने

**खबर दर्पण समाचारदाता**

**असोज ६ गते, बर्दिवास**



नेपाल रेल्वे कम्पनीले यात्रुवाहक रेल्वे मात्र नचलाई अब कार्गो रेल्वे सेवासमेत सञ्चालन गर्ने तयारी गरेको छ। व्यवसायिक तथा नाफामूलक बन्ने रणनीतिक योजनाअन्तर्गत कम्पनीले मालसमान ढुवानी सेवा सुरु गर्ने प्रक्रिया अघि बढाएको हो ।

हाल भारतको जयनगरदेखि जनकपुरधाम हुँदै महोत्तरीको बिजलपुरासम्म सञ्चालनमा रहेको ६५ किलोमिटर लामो ब्रोडगेज यात्रुवाहक रेल्वेमार्फत दुवै देशका नागरिक आवतजावत गर्दै आएका छन्। भारत सरकारको करिब १० अर्ब रुपैयाँ लागतमा बनेको उक्त रेल्वे सेवामा नेपालले दुईवटा इन्जिन र चार-चार वटा वोगी खरिद गरी सञ्चालनमा ल्याएको छ ।

यात्रु ओसारपसार मात्रबाट कम्पनीलाई नाफामा लैजान कठिन भएकाले कार्गो सेवाको विकल्प अघि सारिएको नेपाल रेल्वे कम्पनीका प्रबन्ध निर्देशक निरञ्जन झाले बताए। ‘पटक-पटक सरकारले ट्रूडरेल सञ्चालन गर्न पहल गरिरहेको छ। अब कार्गो रेल्वे सेवा निकट भविष्यमै सञ्चालन हुनेछ,’ उनले भने ।

कम्पनीले कार्गो सेवा सञ्चालनका लागि हाल सञ्चालनमा रहेका वोगीमा थप गर्ने वा नयाँ मालवाहक रेल नै

बाँकी पृष्ठ २ मा

## मधेश प्रदेशका ११ हजार कर्मचारीले दशैंमा पनि तलब पाएनन्

**खबर दर्पण समाचारदाता**

**असोज ६ गते, बर्दिवास**

मधेश प्रदेशका ३८ पालिकाका करिब ११ हजार ४ सय कर्मचारी यस वर्ष दशैँमा तलब र भत्ता पाउन नसक्ने अवस्थामा पुगेका छन् ।

चालु आर्थिक वर्षको बजेट अहिलेसम्म पेस हुन नसकेको र कार्यालयहरू दशैँको बिदाका लागि छोटो अवधिका लागि मात्र खुला हुने भएकाले उनीहरूको दशैँ खल्लो हुने अवस्था आएको हो ।

राजविराज नगरपालिकाका लेखा अधिकृत शत्रुधन दासले भने, ‘अब पाँच दिन मात्रै कार्यालय खुल्ने भएकाले बजेट पास भए पनि तलब निकासा हुने समय नपुग्ने सम्भावना छ ।’ चालु आर्थिक वर्षको तेस्रो महिना अर्थात् असोज ५ गतेसम्म यी ३८ पालिकाले बजेट ल्याउन नसकेको देखिएको छ ।




मधेश प्रदेशमा जम्मा १३६ पालिका छन् । त्यसमध्ये ९८ वटा पालिकाले बजेट पास गरि सकेका छन् । तर, एक उपमहानगरपालिका, १८ नगर पालिका र १९ गाउँपालिकाले अहिलेसम्म बजेट पेस गर्न सकेको छैन। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पोर्टलका तथ्यांक अनुसार सिरहाको १७ मध्ये तीन, सर्लाहीको २० मध्ये पाँच, रौतहटको १८ मध्ये पाँच, बाराको १६ मध्ये चार र पर्साको १४ मध्ये पाँच पालिकाले बजेट पेस गर्न नसकेको देखिन्छ ।

शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

✓ पत्रिका
✓ क्यालेण्डर
✓ रजिष्टर, डाइरी
✓ किताब
✓ परीक्षा कपी
✓ पर्चा पम्पलेट
✓ बिल, भाउचर,



✓ स्क्रिन प्रिन्ट
✓ विवाह कार्ड
✓ प्रमाण पत्र
✓ भिजिटिङ्ग कार्ड
✓ झोला प्रिन्ट
✓ रबर स्टाम्प



✓ फ्लेक्स प्रिन्ट
✓ ब्यानर प्रिन्ट
✓ होर्डिङ्ग बोर्ड
✓ स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बरः ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# सोनामाई मन्दिरमा पहिलो पटक ऐतिहासिक कलश शोभा यात्रा सम्पन्न

**धर्वेन्द्रकुमार यादव 'यदुवंशी'**
**असोज ६ गते, महोत्तरी**

महोत्तरीको औरही नगर पालिका-७ स्थित प्रसिद्ध धार्मिक स्थल सोनामाई मन्दिरमा यस वर्ष दशैंको घटस्थापनाको अवसरमा पहिलो पटक ऐतिहासिक कलश शोभा यात्रा निकालिएको छ।

विश्व शान्ति, मानव कल्याण र धार्मिक सद्भाव प्रवर्द्धन गर्ने उद्देश्यले गरिएको उक्त यात्राको उद्घाटन औरही नगरपालिकाका नगरप्रमुख प्रदीप कुमार खड्का, नगरउपप्रमुख रेणु झा र वडा अध्यक्षहरूले संयुक्त रूपमा गरेका थिए।

सोनामाई शक्तिपीठमा वर्षौंदेखि भूत मेला लाग्ने परम्परा छ। यस वर्ष पहिलो पटक करिब ४ हजार कलशसहितको ऐतिहासिक शोभा यात्रा निस्किएको हो।औरही नगर पालिका तथा स्थानीयवासीको संयुक्त प्रयासमा दशैंको घटस्थापनाको दिन यो विशेष कलश शोभा यात्रा आयोजना गरिएको हो।

यो पवित्र यात्रा औरही नगर पालिका-२ स्थित फूलबरिया गाउँको जंघाहा खोलामा वेतो, पचाइन र जङ्गा खोलाको संगमस्थलबाट प्रारम्भ भई सोनामाई मन्दिरसम्म पुगेको थियो।

नगरप्रमुख खड्काले यस शोभा यात्राले नगरवासीबीचको एकता, सांस्कृतिक धरोहर र धार्मिक मूल्यलाई अझ सुदृढ बनाउने विश्वास व्यक्त गरे। उनका अनुसार सोनामाई मन्दिर नगरको आस्था, विश्वास र सांस्कृतिक सम्पदाको केन्द्र हो र कलश शोभा यात्राले नगर को धार्मिक एवं सांस्कृतिक इतिहासमा नयाँ अध्याय थप्नेछ। कलश शोभा यात्रामा महिलादेखि पुरुष, बालबालिकादेखि वृद्धवृद्धासम्म हजारौं भक्तजन सहभागी भएका थिए।स्थानीय समाजसेवी, धार्मिक अगुवा, जनप्रतिनिधि, सुरक्षाकर्मी, नगरप्रहरी तथा विभिन्न संघ-संस्थाका प्रतिनिधिहरूको उल्लेखनीय उपस्थिति रहेको थियो।






सहभागीहरूका अनुसार यसरी सम्पन्न कलश शोभा यात्राले औरही नगर र आसपासका क्षेत्रमा उत्साह, उल्लास र धार्मिक आस्थाको नयाँ ऊर्जा भरिदिएको छ।

## सोनामाई मन्दिरको धार्मिक र ऐतिहासिक महत्व

महोत्तरीको औरही नगरपालिका वडा नं. ७, भोइलमा अवस्थित सोनासती महरानीको मन्दिर 'सोनामाई मन्दिर'को नामले प्रचलित छ।जिल्लाकै महत्वपूर्ण धार्मिक स्थलको रूपमा रहेको यो मन्दिर वर्दीवास-जलेश्वर राजमार्गको बीचमा पर्दछ। सदरमुकाम जलेश्वरबाट करिब २३ किलोमिटर उत्तरमा रहेको मन्दिरमा विशेषगरी भूत-प्रेत, पिशाच, दुष्ट आत्मा तथा बोक्सीबाट पीडित व्यक्तिहरूलाई झारफुक तथा तान्त्रिक विधिबाट उपचार गरिने विश्वास छ। साथै, सन्तान नपाएका भक्तहरूले सन्तान प्राप्ति हुने जनविश्वासका कारण दैनिकजसो यहाँ पूजा-पाठ, आराधना र बलि दिने परम्परा रहँदै आएको छ।

सोनासती महरानीको उत्पत्तिसम्बन्धी कथा अनुसार करिब पाँच सय वर्षअघि हाल मन्दिर रहेको स्थान पुरै जंगल थियो। गाई-भैंसी चराउन आउने मानिसहरूलाई यहाँ अनौठो अनुभव हुने र भैंसी हराउने घटनापछि सोनासती महरानी मानव रूपमा प्रकट भई पूजा-पाठको शर्त राखेकी थिइन्। त्यसबेलादेखि निरन्तर पूजा-आराधना हुँदै आएको छ। पछि यहाँको मूर्ति 'कहचरीया स्थान' भन्ने पुरानो सिसौंको रुखको टोड्काबाट ल्याई हालको स्थानमा स्थापना गरिएको हो। अहिले नयाँ संरचना बनेको मन्दिरमा दैनन्दिन पूजा-आरती भइरहेको छ।

## दशैंमा विशेष पूजा र भूत मेला

नेपालकै धार्मिक एवं ऐतिहासिक धरोहरमध्ये एक मानिने यो शक्ति पिठमा प्रत्येक वर्ष वडादशैंको शुभ अवसरमा घटस्थापनादेखि विजया दशमीसम्म विशेष पूजा, आराधना र मेला लाग्ने गर्दछ। घटस्थापनाको दिन बिहानै 'डाला' (धुप, दीप, अक्षता, कलश आदि) सहित मन्दिरमा कलश स्थापना गरिन्छ र नवरात्रको सुरुवात हुन्छ। सप्तमीको दिन विभिन्न स्थानबाट आएको फूलपाती मन्दिरमा भित्राइन्छ। अष्टमीको दिन बोकाको बलि, घृत-सिन्दुरले माताको सजावट, नवमीमा राँगाको बलि र दशमीमा परम्परागत वाजागाजासहित मन्दिरबाट पुजारीको घरमा 'डाला' लगेर मेलाको समापन गरिन्छ।

दशैंको चौथीदेखि अष्टमीसम्म 'भूत मेला' लाग्ने गर्दछ। यस अवधिमा भूत-प्रेत, पिशाच वा दुष्ट आत्माबाट पीडित ठानिएका व्यक्तिहरू मन्दिर परिसरमा आएर पुजारीमार्फत मन्त्र, तन्त्र, जन्तर तथा आयुर्वेदिक उपचार पाउँछन्। मेलाको दशौं दिनसम्म हजारौंको संख्यामा बलि दिने परम्परा पनि रहँदै आएको छ।

# नेपाल रेल्वे.........

थप्ने विषयमा भारतीय पक्षसँग छलफल गरिरहेको छ । यसका लागि महोत्तरीको रामनगर र बर्दिवाससम्म रेल्वे विस्तार गरी नयाँ स्टेशन निर्माण गर्ने काम भारतीय पक्षले अघि सारेको झल्काइएको छ ।

नेपालका व्यवसायी भने वर्षौंदेखि कार्गो रेल्वे सेवाको माग गर्दै आएका छन् । उनीहरूको भनाइमा यसले व्यापारिक ढुवानीमा सहजता ल्याउनेछ र ढुवानी खर्च कम हुनेछ । जनकपुरका व्यवसायी राम नरेश साह भन्छन्, 'कलकत्ता बन्दरगाह हुँदै नेपालमा आउने सामान अहिले महँगो पर्छ । कार्गो रेल्वे सञ्चालन भए ढुवानी खर्च घट्नेछ र समयमै सामान पाउने सुविधा पनि हुनेछ ।'

कार्गो रेल्वे सञ्चालन भएपछि नेपालको भौतिक पूर्वाधारमा नयाँ अध्याय थपिने मात्र नभई स्थानीय बजारमा प्रतिस्पर्धा र सस्तो मूल्यमा वस्तु उपलब्ध गराउन मद्दत पुग्नेछ । रेलमार्ग विस्तारसँगै नेपाल र भारतबीचको आर्थिक सहकार्य अझ प्रगाढ हुने व्यवसायीहरूको विश्वास छ ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# जनकपुरधाममा सस्तो बजार सुरु



खबर दर्पण समाचारदाता

असोज ६ गते, बर्दिवास

विजयादशमीको अवसरमा प्रत्येक वर्षझैं यस वर्ष पनि जनकपुरधाम उपमहानगर पालिका-४ मा 'दसैं सस्तो बजार' सुरु भएको छ।

जनकपुरधाम उद्योग वाणिज्य सङ्घको अगुवाइमा आजदेखि सस्तो बजार सुरु भएको हो। सङ्घका अध्यक्ष सुरेन्द्र भण्डारीको अध्यक्षतामा आज एक कार्यक्रमबीच सो बजार राम मन्दिरका महन्थ राम गिरीले उद्घाटन गरियो।

अध्यक्ष भण्डारीले विगत वर्षहरुमा ७० देखि ८० वटा स्टल राख्ने गरिएकामा यसवर्ष सो सङ्ख्या बढाएर ११५ स्टल र राखिएको जानकारी दिए। सस्तो बजारमा दैनिक उपभोग्य र चाडपर्वका सामान सुपथ मूल्यमा उपलब्ध हुने उनले बताए।

जनकपुरमा विगत ४२ वर्षदेखि दसैंका बेला सस्तो बजार सञ्चालन हुँदै आएको छ।

# मटिहानीमा बडा दशैंको अवसरमा भव्य शान्ति कलश यात्रा



खबर दर्पण समाचारदाता

असोज ६ गते, बर्दिवास

महोत्तरीको मटिहानीमा बडा दशैंको अवसरमा विश्व शान्ति, मानव कल्याण र धार्मिक सद्भावना प्रवर्द्धन गर्ने उद्देश्यले शान्ति कलश शोभा यात्रा निकालिएको छ।

मटिहानी नगरपालिकाका नगर प्रमुख हरि प्रसाद मंडल तथा महोत्तरी जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारी संजय कुमार पोखरेलले कलश यात्राको संयुक्त रूपमा शुभारंभ गरेका थिए।


सो अवसरमा नगर प्रमुख मंडलले धार्मिक तथा सांस्कृतिक पर्वहरूले समाजमा आपसी एकता, मेलमिलाप र सहिष्णुताको भावना जागृत गर्ने भएकाले यस किसिमका कार्यक्रमलाई नगरपालिकाले सधैं समर्थन गर्ने बताए।

मटिहानीस्थित ऐतिहासिक दुर्गा मन्दिर प्राङ्गणबाट शुभारम्भ भएको शोभा यात्रा नगरको मुख्य मार्ग हुँदै मधवापुरलगायत आसपासका क्षेत्रको परिक्रमा गर्दै पुनः मन्दिर प्राङ्गणमै सम्पन्न भएको थियो। सो क्रममा भक्तजनहरूले दुर्गा भवानीको जयघोष गर्दै वातावरणलाई पूर्णतया धार्मिक र आध्यात्मिक रंगमा रंगाएका थिए।

आदर्श दुर्गा पूजा समिति, मटिहानीको विशेष पहलमा आयोजना गरिएको सो शोभा यात्रामा दुर्गा भवानीको नौ(९) वटा शक्तिपीठीय प्रतीकात्मक झाँकी, आकर्षक सजावट, बाजागाजा तथा विभिन्न धार्मिक समूहका प्रस्तुति प्रमुख आकर्षण बनेका थिए।

शोभा यात्रामा महिलादेखि पुरुष, बालबालिकादेखि वृद्धवृद्धासम्म हजारौंको संख्यामा भक्तजनहरू सहभागी भएका थिए।

शोभा यात्रामा स्थानीय समाजसेवी, धार्मिक अगुवाहरू, जनप्रतिनिधि, सुरक्षाकर्मी र विभिन्न संघ-संस्थाका प्रतिनिधिहरूको उल्लेखनीय उपस्थिति रहेको थियो। यसरी सम्पन्न शान्ति कलश शोभा यात्राले मटिहानी नगर र आसपासका क्षेत्रमा उत्साह, उल्लास र धार्मिक आस्थाको नयाँ ऊर्जा भरेको सहभागीहरूले बताएका छन्।



मटिहानी नगरपालिका, महोत्तरी

कृषिलाई व्यावसायिक बनाऔं

हामी निर्वाहमुखी कृषि प्रणालीमा आधारित छौं। यसले हाम्रो परिवारमात्रै पालिँदै आएको छ। तपाईंसंग भएको जमिनलाई राम्रो उपयोग गरी अरु धेरैको परिवारलाई पाल्नसक्ने खाद्यन्न उत्पादन गर्न सकिनेछ। त्यसका लागि हामीले हाम्रो कृषि कर्मलाई आधुनिकीकरण गरी व्यवसायिक कृषि गर्न सक्छौं। खेतीयोग्य जमिन बांझो नराखी आधुनिक र वैज्ञानिक तरिकाले कृषि गरेमा लाखौं खर्च गरेर विदेशिनु पर्दैन। यसरी विदेशिनु भन्दा स्वदेशमै व्यवसायिक कृषि र पशुपालन गरौं,व्यवसायिक कृषि उत्पादनमार्फत आर्थिक उपार्जन गरौं।

भंगहा नगरपालिका, महोत्तरी

कृषिलाई व्यावसायिक बनाऔं

हामी निर्वाहमुखी कृषि प्रणालीमा आधारित छौं। यसले हाम्रो परिवारमात्रै पालिँदै आएको छ। तपाईंसंग भएको जमिनलाई राम्रो उपयोग गरी अरु धेरैको परिवारलाई पाल्नसक्ने खाद्यन्न उत्पादन गर्न सकिनेछ। त्यसका लागि हामीले हाम्रो कृषि कर्मलाई आधुनिकीकरण गरी व्यवसायिक कृषि गर्न सक्छौं। खेतीयोग्य जमिन बांझो नराखी आधुनिक र वैज्ञानिक तरिकाले कृषि गरेमा लाखौं खर्च गरेर विदेशिनु पर्दैन। यसरी विदेशिनु भन्दा स्वदेशमै व्यवसायिक कृषि र पशुपालन गरौं,व्यवसायिक कृषि उत्पादनमार्फत आर्थिक उपार्जन गरौं।

गौशाला नगरपालिका, महोत्तरी

पालिकाको स्थानीयलाई अनुरोध



–जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो।
–जन्मेको ३५ दिनभित्र आफनो स्थानीय निकायमा गई दर्ता गरौं।
–जन्म, मृत्यु, बसाइ-सराइ, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो।
–जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन्।
–बसाइ-सराइ गर्दा व्यक्ति आफु मात्र बसाइ सरी गए व्यक्तिले परिवार नै बसाइ सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ।



–विवाहको सूचना पति र पत्नी दुबैले दिनु पर्छ।
–सम्बन्ध विच्छेदको सूचना अदालतको निर्णय सहित पति वा पत्नीले दिन सक्छन्।
–सबैको व्यक्तिगत घटना दर्ता गरौं, गराऔं।
–सामाजिक सुरक्षा भत्ता पाईरहेका व्यक्तिले नागरिकताका साथ सम्पर्क गरी सम्बन्धित बैंक मार्फत तोकिएको समयभित्र अनिवार्य रुपमा भत्ता बुझि लिऔं।
–प्रत्येक वर्ष श्रावण १ देखि मंसिर १५ गतेभित्र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरु नयाँले निवेदन दिऔं र पुराना भत्ता खाईरहेका व्यक्तिहरुले अनिवार्य रुपमा नवीकरण गरौं।
–सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आफनो नाम भत्ता खाने लिस्टमा छ छैन प्रत्येक श्रावण महिनामा आ-आफनो वडा कार्यालयमा गई बुझौं र ढुक्क होऔं।
–महानगरपालिकाद्वारा संचालित नियमित सरसफाइ अभियानमा सहभागी बनौं।



–जथाभावी पार्किंग नगरी तोकिएको स्थानमा मात्र पार्किंग गरौं।
–गाउंपालिकाको अनुमति लिएर मात्र घर निर्माणको काम गरौं।
–महोत्तरी गाउँपालिकाद्वारा सम्पादन हुने सेवा प्रवाह र विकास व्यवस्थापन सम्बन्धी कुनै गुनासो भएमा वडा अध्यक्ष एवं पालिका प्रमुख, उपप्रमुख, अन्य विषयगत शाखा प्रमुख समक्ष राखौं।

रामगोपालपुर नगरपालिका, महोत्तरी

# सिंगारियो जनकपुरधाम, शक्तिपीठहरूमा भक्तजनको घुइँचो

**खबर दर्पण समाचारदाता**
**असोज ६ गते, बर्दिवास**

गत वर्ष झैं यस वर्ष पनि दशमीमा जनकपुरधामलाई भव्य रुपमा सिंगारिएको छ । दशैंको पहिलो दिनदेखि नै यहाँका शक्तिपीठहरूमा भक्तजनको चहलपहल बढेको छ । प्रत्येक मन्दिरमा परिवारसहित दर्शनमा आएका भक्तजनहरूले धार्मिक वातावरणलाई अझ उत्साहपूर्ण बनाएका छन् ।जनकपुरधामको राजदेवी मन्दिर, बौधीमाई, सोनासति माई, दुर्गा मन्दिर, पिडरियामाई, दक्षिण काली माई लगायतका मन्दिर र विद्यापति मुरली सर चोक, रामानन्द चोक, जिरोमाइलस्थित भ्रमरपुरा चोकस्थित माटोको मुर्ति बनाएर भव्यतापूर्वक पूजा अराधनाका लागि रंगीन बत्ती, फूल र तोरणले सिंगारिएको छ ।









मन्दिरहरुमा सोमबार बिहानै देखि स्थानीयवासी र दर्शनार्थीहरूको भीड लाग्न थालेको छ । बिहानै देखि मन्दिर परिसरहरुमा पूजाआर्चनाका कार्यक्रमहरू शुरु भएको छ । दशमी शुरु भएसँगै परिवारका सदस्यहरू नयाँ लुगा, मिठाई र पूजाको सामान किनमेलमा व्यस्त देखिन्छन्। बजारमा भीड बढेसँगै व्यापारीहरूको व्यापार पनि फस्टाएको छ ।

दशमीमा देवीको पूजा- अर्चना, दुर्गा भवानीको स्तुति र धार्मिक कर्मकाण्डमा सहभागी भइ श्रद्धालुहरूले आशीर्वाद लिने परम्परा रहिआएको छ । दशमीमा जनकपुरधामको मुख्य आकर्षणको केन्द्र राजदेवी मन्दिर परिसर रहने गरेको छ । यस मन्दिरमा प्रत्येक वर्ष पनि विशेष पूजा अर्चनाको विविध रुपमा आयोजना गरिएको छ, जसमा हजारौं भक्तजनको सहभागिता रहने अपेक्षा गरिएको छ ।

त्यस्तै जनकपुरधामका प्रमुख सडक र चोकहरूमा पनि आकर्षकिय ढंगले सिंगारिएका छन् । साँझपख झिलिमिली बत्तीले सजिएपछि शहरलाई 'मधेशको सांस्कृतिक राजधानी' भन्ने उपाधि झनै सजीव बनेको देखिन्छ । मठमन्दिरहरूमा दैनिक भजन-कीर्तनको गुञ्जन सुनिन्छ भने पूजा-आरतीमा सहभागी हुन स्थानीयवासीदेखि बाहिरका श्रद्धालुहरूको भीड लाग्ने गरेको छ ।

विशेष गरी राजदेवी मन्दिरमा भक्तहरूको भीड बढ्दो छ । जनकपुरधाम बजारमा समेत चहलपहल बढेको छ । कपडा, जुत्ता-चप्पल, पूजाका सामग्री, सजावटी सामान र मिठाइ पसलहरूमा ग्राहकहरूको भीड देखिन्छ । व्यापारीहरूले यस वर्ष गत वर्षको तुलनामा बिक्री-व्यापारमा उत्साहजनक वृद्धि हुने अपेक्षा राखेका छन् ।



यता, चाडपर्वमा हुने भीड व्यवस्थापनका लागि जनकपुरधाम उपमहानगरपालिका, जिल्ला प्रशासन कार्यालय र प्रहरी प्रशासनले संयुक्त सुरक्षा रणनीति तयार पारेका छन् । धनुषा प्रहरीले ठूलो संख्यामा भक्तजन आउने भएकाले सुरक्षा व्यवस्था कडा बनाएको जनाएको छ । मुख्य धार्मिक स्थलहरूमा सीसी क्यामेरा जडान गरिएको छ भने अतिरिक्त सुरक्षाकर्मी परिचालन गरी जनकपुरधामसहित सम्पूर्ण जिल्लामा सतर्कता कायम गरिएको छ ।

धार्मिक आस्था, संस्कृतिको धरोहर र पर्वको उल्लास मिसिएको यस वातावरणले जनकपुरधामलाई अझ रंगिन र आकर्षक बनाएको छ । प्रहरी र स्थानीय व्यवस्थापनका अनुसार दशैंको अवधिभर यहाँ आउने भक्तजनको संख्या लगातार बढ्ने अनुमान गरिएको छ ।


## डेंगी ज्वरो
## DENGUE FEVER



**परिचय**

डेंगी 'एडीस एजिप्टी' र 'एडीस एल्बोपिक्टस' प्रजातिका लामखुट्टेको टोकाइबाट सर्छ । त्यसैले यसबाट बच्न लामखुट्टेको टोकाइबाट जोगिनु पर्छ ।

**लामखुट्टेले टोक्ने समय**

एडीस जातका लामखुट्टेले प्रायः गरेर दिनमा टोक्दछन् । विशेष गरी, घाम उदाएको २ घण्टा पछाडि र घाम अस्ताउनु भन्दा २ घण्टा अगाडि यो लामखुट्टे बढी सक्रिय हुने हुनाले सो समयमा बढी सचेत हुनुपर्छ ।

**लामखुट्टे वृद्धि विकास हुने स्थान**

एडीस लामखुट्टेले सफा जमेको थोरै पानीमा पनि फुल पार्दछ । खासगरी पानी जम्ने टिनका डब्बाहरु, प्लास्टिकका बोत्तल, प्लास्टिकका खोल, टायर, सिसी, अन्डाको बोक्रा, ड्रम, बाटा, बाल्टिन, फूलदानी, गमला, कुलर, पानीका ट्यांकी जस्ता पानी जम्ने भाँडा तथा छाना, कौसी, बरन्डा, ढल, नाली, कुलो आदि स्थानहरुमा फुल पार्छ र यो लामखुट्टेको वृद्धि विकास हुन्छ ।

**लक्षणहरु**

यदि तपाईमा तल उल्लेखित लक्षणहरु देखिएमा तुरुन्त अस्पताल वा स्वास्थ्य संस्था जानुहोलाः

- एक्कासि ज्वरो आउने
- थकान महसुस हुने
- आफ्नो दैनिकी, खानपान वा अन्य कामकुरामा रूचि नलाग्ने
- टाउको, मांसपेशी तथा जोर्नी दुख्ने
- वाकवाकी लाग्ने वा बान्ता हुने

यसका साथै बान्तामा रगत देखा पर्ने, धेरै पेट दुख्ने, श्वासप्रश्वासमा समस्या आउने, नाक वा गिजाबाट रगत बग्ने, रक्तश्राव हुने, बेहोस हुने जस्ता लक्षणहरू देखापर्नु डेंगीका जटिल अवस्था हुन् ।


**जनकपुरधाम उपमहानगरपालिका**
धनुषा, मधेश प्रदेश



## पालिकाको स्थानीयलाई अनुरोध



-जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो ।
-जन्मेको ३५ दिनभित्र आफनो स्थानीय निकायमा गई दर्ता गरौं ।
-जन्म, मृत्यु, बसाइ-सराइ, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो ।
-जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् ।
-बसाइ-सराइ गर्दा व्यक्ति आफु मात्र बसाइ सरी गए व्यक्तिले परिवार नै बसाइ सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।



-विवाहको सूचना पति र पत्नी दुबैले दिनु पर्छ ।
-सम्बन्ध विच्छेदको सूचना अदालतको निर्णय सहित पति वा पत्नीले दिन सक्छन् ।
-सबैको व्यक्तिगत घटना दर्ता गरौं गराऔं ।
-सामाजिक सुरक्षा भत्ता पाईरहेका व्यक्तिले नागरिकताका साथ सम्पर्क गरी सम्बन्धित बैंक मार्फत तोकिएको समयभित्र अनिवार्य रुपमा भत्ता बुझि लिऔं ।
-प्रत्येक वर्ष श्रावण १ देखि मंसिर १५ गतेभित्र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरु नयाँले निवेदन दिऔं र पुराना भत्ता खाईरहेका व्यक्तिहरुले अनिवार्य रुपमा नवीकरण गरौं ।
-सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आफनो नाम भत्ता खाने लिस्टमा छ छैन प्रत्येक श्रावण महिनामा आ-आफनो वडा कार्यालयमा गई बुझौं र ढुक्क होऔं ।
-महानगरपालिकाद्वारा संचालित नियमित सरसफाइ अभियानमा सहभागी बनौं ।



-जथाभावी पार्किंग नगरी तोकिएको स्थानमा मात्र पार्किंग गरौं ।
-गाउंपालिकाको अनुमति लिएर मात्र घर निर्माणको काम गरौं ।
-महोत्तरी गाउंपालिकाद्वारा सम्पादन हुने सेवा प्रवाह र विकास व्यवस्थापन सम्बन्धी कुनै गुनासो भएमा वडा अध्यक्ष एवं पालिका प्रमुख, उपप्रमुख, अन्य विषयगत शाखा प्रमुख समक्ष राखौं ।

**औरही नगरपालिका, महोत्तरी**


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,